सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अंक १४ संवत २०८१ साल श्रावण ०३ गते https://sarumaranimun.gov.np

## आ.व २०८१।०८२ को निति तथा कार्यक्रम सार्वजनिक




सरुमारानी गाउँपालिकाको नीति तथा कार्यक्रम आज मिति २०८१।०३।०८ गते सार्वजनिक भएको छ ।सरुमारानी गाउँपालिकाको दोस्रो गाउँसभाको पन्ध्रौं अधिवेशनबाट गाउँपालिका अध्यक्ष श्री झग बहादुर विश्वकर्माले सार्वजनिक गर्नुभएको हो । नीति तथा कार्यक्रममा खाद्य सुरक्षा, खाद्य संप्रभूताका साथै पोषण सुरक्षा सुनिश्चतताको मान्यता अनुरुप उत्पादक र उपभोक्ताको अधिकार सुनिश्चित गर्ने गरी कृषिमा विविधिकरण, व्यवसायीकरण, आधुनिकीकरण र बजारीकरणमा जोड ,पोषण तथा खाद्य सुरक्षा सुनिश्चतताका लागि हरेक वडामा रैथाने बाली प्रवर्द्धन, फलफूल खेती, जस्ता कार्यक्रमहरु सञ्चालन, गाउँपालिका क्षेत्रभित्रका जडीबुटीमा आधारित उद्योग स्थापनामा, प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक पर्यटन क्षेत्रको पहिचान, संरक्षण, विकास र प्रचारप्रसार सम्बन्धी कार्यक्रम, शैक्षिक पहुँच सुनिश्चितताका लागि अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन, प्रतिस्पर्धात्मक प्रविधिमैत्री शिक्षा प्रवर्द्धनमा जोड ,शिक्षक तथा विद्यार्थीहरुलाई प्रतिस्पर्धात्मक विधिमार्फत प्रविधिमा आधारित शिक्षण सामग्री उत्पादन, अडियो भिडियो, सूचना तथा सञ्चार प्रविधिमा आधारित पुस्तकालय तथा कक्षा निर्माण कार्यक्रम सञ्चालन, अति विपन्न परिवार, घाइते तथा अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित र दीर्घ रोगीहरुको तथ्याङ्क संकलन गरी निःशुल्क स्वास्थ्य बीमा तथा लक्षित कार्यक्रमको व्यवस्था गर्नुका साथै अशक्त, असहाय र ७० वर्ष माथिका ज्येष्ठ नागरिकहरुलाई घरघरमै स्वास्थ्य सेवा र दीर्घ रोगीहरुलाई निःशुल्क औषधीको व्यवस्था गरिने ,आँखा अस्पतालसँगको सहकार्यमा गाउँपालिकामा कम्तिमा आँखा स्वास्थ्य केन्द्र स्थापना गरिनेछ,स्वच्छ खानेपानीमा सबैको पहुँच अभिवृद्धि गरिनुका साथै सरसफाई र फोहरमैला तथा ढल निकास व्यवस्थापनमा विशेष जोड दिईनेछ, साथै पूर्वाधार तर्फ सडक यातायात गुरुयोजना निर्माण गरिनेछ र कार्यान्वयन बमोजिम सडक पहुँच नपुगेका मुख्य वस्तीहरुमा आगामी आर्थिक वर्षभित्रै ग्रामीण सडक सञ्जालले जोड्ने र निर्मित सडकहरुको स्तरोन्नति तथा सुरक्षित सडक यातायात अवधारणा कार्यान्वयन गरिने जस्ता निति तथा कार्यक्रम सार्वजनिक गरेको छ ।

# आ.व २०८१।०८२ को बजेट तथा कार्यक्रम पारित




सरुमारानी गाउँपालिकाको आ.व २०८१।०८२ को बजेट तथा कार्यक्रम मिति २०८१।०३।१० गते बसेको दोस्रो गाउँसभाको पन्ध्रौ अधिवेशन बाट पारित भएको छ । सरुमारानी गाउँपालिकाको आगामी आ.व को बजेट संक्षेपमा निम्न अनुसार रहेको छ ।

**<u>आय तर्फ</u>**

संघीय सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्तीय हस्तान्तरण वित्तीय समानीकरण अनुदानमा रु. ८ करोड २६ लाख, शसर्त अनुदान चालूमा रु. १६ करोड २३ लाख ९५ हजार,शसर्त अनुदान पुँजीगतमा रु. ८४ लाख र समपुरक अनुदान पुँजीगतमा रु. १ करोड गरी जम्मा रु.२६ करोड ३३ लाख ९५ हजार लुम्बिनी प्रदेश सरकारबाट प्राप्त अन्तर सरकारी वित्तीय हस्तान्तरण वित्तीय समानीकरण अनुदानमा रु. ५२ लाख ३० हजार,शसर्त अनुदान चालूमा ४ लाख, शसर्त अनुदान पुँजीगतमा रु. ७० लाख,विशेष अनुदान चालूमा रु. २० लाख,समपुरक अनुदान पुँजीगतमा रु. ७० लाख गरी जम्मा रु. २ करोड १६ लाख ३० हजारको अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फको संघ र प्रदेश सरकारबाट प्राप्त हुने रकम कूल जम्मा २८ करोड ५० लाख २५ हजार रुपैयाँ राजश्व बाँडफाँड अन्तर्गत संघिय सरकारको मु.अ.कर र अन्तशुल्क, घरजग्गा रजिष्ट्रेसन तथा रोयल्टी वापत रु.९ करोड १९ लाख ५० हजार, प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट अन्तर्गत सवारी साधन कर वापत रु.४० लाख ९९ हजार, स्थानीय बाँडफाट तर्फ रु. ३९ लाख गरी राजश्व बाँडफाँटबाट कुल जम्मा रु. ९ करोड ९९ लाख ४९ हजार रुपैयाँ आय अनुमान गरिएको छ ।

**<u>आन्तरिक श्रोत तर्फ</u>**

चालू आ.व. मा रहन सक्ने संचिकोषको वचत रकम (बैंक मौज्दात) रु.१ करोड रुपैयाँ यस सरुमारानी गाउँपालिकाको आन्तरीक स्रोतको रूपमा रु. ८६ लाख ७० हजार गरी कुल जम्मा आन्तरिक स्रोत रु.१ करोड ८६ लाख ७० हजार अनुमान गरिएको छ । यसरी आगामी आ.व. २०८१/०८२ को सरुमारानी गाउँपालिकाको जम्मा कुल वार्षिक बजेट रु. ४० करोड ३६ लाख ४४ हजार रुपैयाँ रहेको छ ।

**<u>व्यय तर्फः</u>**

आर्थिक विकास तर्फ रु. ३ करोड ३९ लाख ९४ हजार रुपैयाँ विनियोजन गरिएको छ । जस अन्तर्गत कृषि तर्फ रु. १ करोड ३७ लाख ०४ हजार , उद्योग तर्फ रु. २० लाख ४० हजार, पर्यटन तर्फ ७८ लाख ५० हजार, जलस्रोत तथा सिंचाई तर्फ रु. ५२ लाख ५० हजार, वन तर्फ रु.१ लाख ५० हजार र पशुपन्छी विकास तर्फ रु. ५० लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ । त्यसै गरी सामाजिक बिकास अन्तर्गत रु. २१ करोड ०७ लाख ६३ हजार ७ सय रुपैयाँ विनियोजन गरिएको छ । जस अन्तर्गत सामाजिक सुरक्षा तथा संरक्षण तर्फ रु. ८५ लाख १९ हजार, युवा तथा खेलकुद तर्फ रु. ३१ लाख ६७ हजार, खानेपानी तथा सरसफाई तर्फ रु. २६ लाख ९९ हजार, भाषा तथा संस्कृती तर्फ रु. १३ लाख ७० हजार, शिक्षा तर्फ रु. १६

करोड २८ लाख ९७ हजार ७ सय स्वास्थ्य तर्फ रु. २ करोड ८६ लाख ९१ हजार र लैंगिक समानता तथा सामाजिक समावेशीकरण तर्फ रु. ३४ लाख २० हजार विनियोजन गरिएको छ ।

त्यसैगरी पूर्वाधार विकास तर्फ रु. ४ करोड ७५ लाख ४४ हजार, सुशासन तथ अन्तरसम्बन्धित क्षेत्र तर्फ रु. २ करोड ६३ लाख ९८ हजार र कार्यालय संचालन तथा प्रशासनीक खर्च तर्फ रु. ८ करोड ४९ लाख ४४ हजार ३ सय रुपैयाँ विनियोजन गरिएको छ ।

यसरी कुल बजेट अन्तर्गत पुजिंगत तर्फ रु. ८ करोड ८९ लाख ३६ हजार रुपैयाँ अर्थात २२.०३ प्रतिशत र चालू तर्फ रु. ३१ करोड ४७ लाख ०८ हजार रुपैयाँ अर्थात ७७.९७ प्रतिशत वजेट विनियोजन गरिएको छ ।









# वार्षिक कार्यसम्पादनमा उत्कृष्ट कर्मचारीहरुलाई सम्मान

सरुमरानी गाउँपालिकाले सरुमारानी गाउँपालिकाको दोस्रो गाउँसभाको १५औ अधिवेशन को दोस्रो बैठक बाट वार्षिक कार्य सम्पादनमा उत्कृष्ट हुनु भएका कर्मचारीहरुलाई सम्मान गरेको छ । कार्यसम्पादनमा उत्कृष्ट हुनुभएका प्रशासन शाखा प्रमखु श्री लक्ष्मण आचार्य, सहायक पाँचौ श्री लिलाराम सोमै मगर र लेखापाल श्री हिमाल शर्मा भुषाललाई सम्मान गरिएको छ ।






# ४५ दिने कम्प्यूटर तालिम गाउँपालिकामा सम्पन्न

सरुमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री देविराम पाठकको अध्यक्षता, गाउँपालिकाका प्रवक्ता एवं ४ नं वडा अध्यक्ष श्री चिन्त सोमै मगर, गाउँपालिकाका प्रशासन शाखा प्रमुख लक्ष्मण आचार्य, लेखा प्रमुख श्री टोप बहादुर शाही, ईन्जिनियर श्री शुभाष गौतम,शिक्षा शाखा प्रमुख श्री पुष्पलाल शाहीको आतिथ्तामा ४५ दिने आधारभूत कम्प्यूटर तालिम आज मिति २०८१।०३।१३ गते समापन भएको छ ।सिप सिकौं स्वरोजागर बनौं भन्ने मूल उद्देश्यका साथ संचालन भएको यस कार्यक्रममा विभिन्न वडाबाट किशोरीहरुको सहभागि रहेको थियो । कम्प्युटर शिक्षा आजको अपरिहार्यता रहेको र प्राविधिक सीपसम्बन्धी ज्ञान वृद्धि गरी आफू सक्षम हुने भएकोले यो तालिम निकै प्रभावकारी र समय सान्दर्भिक रहेकोले विभिन्न वडाबाट किशोरीहरुको सहभागि गराईएको थियो ।समापन समारोहमा सम्पूर्ण प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र प्रदान गरिएको थियो ।









# कुखुरापालन तथा तरकारी खेती सम्बन्धी तालिम सम्पन्न

सरुमारानी गाउँपालिकाको आ.व. २०८०/०८१ वार्षिक स्वीकृत संघीय सरकारको विशेष अनुदान कार्यक्रम अन्तर्गत कृषि तथा पशुपालन तालिम अनुसार ३ दिने ग्रामिण कुखुरापालन तथा तरकारी खेती सम्बन्धी तालिम ६ वटै वडाका ३४ जना कृषकहरुलाई सरुमारानी कृषि तथा पशुपन्छी विकास स्रोत केन्द्र औलेनीमा तालिम संचालन पश्चात तरकारीको बिउ, हजारी तथा कुखुराको चल्ला वितरण कार्य सम्पन्न गरिएको छ।







# शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रिया कार्यक्रम सम्पन्न

सरूमारानी गाउँपालिकाको आयोजनामा ,जिल्ला प्रहरी कार्यालय प्युठानको संयोजनमा, गाउँपालिकाका अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा,शिक्षा विद प्रा.डा.विद्यानाथ कोईरालाको प्रमुख आतिथ्यतामा,जिल्ला प्रहरी कार्यालय प्युठानका प्रहरी प्रमुख ईश्वर थापाको विशेष आतिथ्यतामा,सरूमारानी गाउँपालिका भित्रका सबै विद्यालयका प्र.अ.तथा शिक्षकहरूको सहभागीतामा , शिक्षा शाखा प्रमुख पुष्पलाल शाहीको संचालनमा र प्रमुख प्रशासकिय अधिकृत देविराम पाठकको स्वागतमा"शैक्षिक गुणस्तर अभिवृद्धिका लागि अन्तरक्रिया तथा अपराध न्युनिकरण सम्वन्धी कार्यक्रम" गाउँपालिकाको बहुउद्देशीय सभाहल बड्डाँडामा आज सम्पन्न भएको छ । प्रमुख वक्ताको रूपमा उपस्थित शिक्षाविद प्रा.डा.विद्यानाथ कोईरालाले शैक्षिक गुणस्तरको लागि शिक्षकको भुमिकाको बिषयमा महत्त्वपूर्ण सुझाव सल्लाह र केही प्राविधिक कुराहरू बताउनु भयो भने जिल्ला प्रहरी कार्यालय प्युठानका प्रहरी प्रमुख ईश्वर थापाले अपराध न्युनीकरणमा विद्यालय र शिक्षकको महत्त्वपूर्ण भुमिका रहेकोले अपराध न्युनीकरणमा सहजिकरण गरि सहयोग गर्न अपिल समेत गर्नु भएको छ ।






# कोरेली पाडी वितरण कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकाले किसानलाई भैसीको कोरेली पाडी वितरण गरेको छ । किसानसंग गाउँ सरकार कार्यक्रम अन्तर्गत पशुपालक किसानलाई कोरेली पाडी वितरण गरिएको हो।चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम अनुसार पालिकाको ९० प्रतिशत र किसानको १० प्रतिशत लागत साझेदारीमा १ सय २० जना किसानलाई भैंसीका पाडी वितरण गरिएको कार्यपालिका सदस्य एवं आर्थिक विकास समिती संयोजक मोहम्मद हलिम हलुवाईले जानकारी दिनुभयो।

किसानलाई भैसीपालनमा आकर्षित गरी किसानको आयस्तर वृद्धि गर्न अनुदानमा पाडी बितरण गरिएको हो । कोरेली पाडी वितरण पश्चात सरुमारानीमा दुध उत्पादन बढाउन र किसानको आय वृद्धि गर्न मदत पुग्नेमा सरुमारी विश्वश्त रहेको छ ।वितरण गरिएको सबै पाडीको विमासमेत भइसकेको छ। पाडी अनुदान पाएका किसानले कम्तीमा ५ वर्षसम्म बिक्री वितरण गर्न नपाउने गरी सम्झौतासमेत भएको पशु सेवा शाखा प्रमुख केशव गिरीले जानकारी दिनुभयो । उहाले भन्नुभयो,'हरेक ३/३ महिनामा पाडीको स्थलगत अनुगमन गरी कृषकलाई आवश्यक प्राबिधिक परामर्श दिईनेछ





सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः देविराम पाठक (९८५७८३६०२२)

सूचना अधिकारीः शिव राज न्यौपाने (९८४५४४०७७३)

प्रकाशकः

सरुमारानी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान ।

**facebook: https://www.facebook.com/SarumaraniGapa**
**website:sarumaranimun.gov.np**
**email:sarumarani2073@gmail.com**
**phone no:9857836022**